# स्वर्गद्वारी नगरपालिकास्तरीय जेष्ठ नागरिक सञ्जाल संचालन कार्यविधि, २०७८

## स्वर्गद्वारी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, भिंग्री प्युठान

# प्रस्तावना

वृद्धवृद्धाहरुले आफ्नो जीवनकालमा संगालका ज्ञान र सीप,अर्ति र उपदेश पछिल्लो पुस्ताका लागी अमुल्य मार्ग दर्शनको रुपमा रहन सक्छ "बाह्र छोरा तेह्र नाती बुढाको घोक्रो काँधमाथि" भन्ने भनाई र "बाबुभन्दा छोरो जान्ने" "खुकुरी भन्दा कर्द लाग्ने" प्रवृति बढ्दै गएको छ । पारिवारिक स्नेहबाट अग्रजहरु विमुख हुदै छन् । दुःख, पिडा र हिनताबोध जस्ता निराशाजनक जीवन जीउने विवस वृद्ध वृद्धाहरुको संख्या बढ्दो छ । वृद्ध वृद्धाप्रति सन्ततीको कर्तव्यबोध जिम्मेवारी र सहानुभूतिको भावना क्रमशः घट्दै गएको छ । गृहस्थी जीवनबाट थकित, पारिवारीक पक्षबाट एक्लोपन महसुस, थुप्रै असन्तोषहरुबाट जेलिएको जीन्दगीलाई खुसी दिन हरेक जेष्ठ नागरिकलाई उचित आत्म सन्तुष्टि मनोरञ्जनात्मक वातावरणको सहजता, आर्थिक तथा सामाजिक सुरक्षाको सुनिश्चितता, आरोग्य वा वृद्धाश्रम वा मिलनकेन्द्र वा खुसीघरको व्यवस्था मिलाउनुपर्ने आवश्यक छ । सन् १९९० मा बसेको सयुक्त राष्ट्रसंघ महासभाले प्रत्येक वर्ष "१ अक्टोबरलाई अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस" मनाउने प्रस्ताव पारित गरेको थियो । पारित प्रस्तावमा वृद्ध वृद्धाहरुको स्वतन्त्रता, सहभागीता, रेखदेख आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । नेपालको संविधानको धारा ४१ मा पनि जेष्ठ नागरिकलाई विशेष सुरक्षा तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । यी उपयुक्त विविध पक्षहरुलाई ध्यानमा राख्दै यस स्वर्गद्धारी नगरपालिका भित्र छरीएर रहेका सम्पुर्ण जेष्ठ नागरिकहरुको सर्वोपरि आधार बनाई राख्दै यो जेष्ठ नागरिकहरुको सर्वोपरि हितलाई ध्यानमा राख्दै यो "जेष्ठ नागरिक सञ्जाल आन्तरिक विद्यान २०७८" तयार पारिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो विद्यानको नाम "जेष्ठ नागरिक सञ्जाल अन्तरिम विद्यान २०७८" रहने छ ।

ख) यो विद्यान स्वर्गद्धारी नगरपालिका भित्र कार्यपालिका बाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "जेष्ठ नागरिक" भन्नाले ६० वर्ष देखि माथीको उमेर समुहका सम्पुर्ण नेपाली नागरिकहरुलाई सम्झनु पर्दछ ।

ख)"सञ्जाल" भन्नाले यस स्वर्गद्धारी नगरपालिका भित्रका सम्पुर्ण जेष्ठ नागरिकहरुको प्रतिनिधिमूलक समुह भन्ने बुझाउछ ।

ग) "आन्तरीम विद्यान" भन्नाले यस स्वर्गद्धारी नगरपालिका भित्र क्रियाशिल जेष्ठ नागरिक सँग सम्बन्धीत ऐन नियम निति निर्देशनलाई संकेत गर्दछ ।

घ)"कार्यपालिका" भन्नाले यस स्वर्गद्वारी नगरपालिका भित्रका जेष्ठ नागरीकहरुको प्रतिनिधित्व रहने गरी गठित उनिहरुकै हक हितमा काम गर्ने एक निर्णयात्मक निर्वाचित समुह सम्झनुपर्दछ ।

ङ) "मिलन केन्द्र (खुसीको घर)" भन्नाले तोकिएको समयमा जेष्ठ नागरिकहरु जमघट भै भलाकुसारी, मनोरञ्जन र आत्म सन्तुष्टी लिने स्थल सम्झनुपर्दछ ।

च) “संरक्षक” भन्नाले यस स्वर्गद्वारी नगरपालिका नगर प्रमुख लाई सम्झनु पर्दछ ।

छ)“कार्यालय” भन्नाले जेष्ठ नागरिक मिलन केन्द्र भवनको कार्यालय हुनेछ ।

ज)“अनुगमन समिति” भन्नाले जेष्ठ नागरिकको हक हितमा यस स्वर्गद्वारी नगरपालिका भित्र कार्यरत क्षेत्रको काम कारबाहि व्यवस्थीत भए नभएको बारे जानकारी लिने तोकिएको व्यक्तिहरुको समुह बुझिन्छ ।

## परिच्छेदः २

## जेष्ठ नागरिक कार्यकारी समीति

१. वडा/नगरस्तरीय जेष्ठ नागरिक सञ्जाल गठन गर्न पूर्व यस स्वर्गद्वारी नगरपालिका भित्रका सम्पूर्ण वडाका जेष्ठ नागरिकहरुको प्रतिनिधि भेलाले एक नगरस्तरीय स्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी तदर्थ समीति गठन गर्ने छ । प्रत्येक वडा अध्यक्ष ज्यु हरु संजाल संरक्षक रहनु हुनेछ । वडा/नगरस्तरीय कार्यकारी समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सहकोषाध्यक्ष, सचिव, सहसचिव, सदस्य(महिला), सदस्य(जनजाति), सदस्य(दलित) जम्मा ९ सदस्यीय वडा स्तरीयमा टोलको प्रतिनिधित्वलाई ध्यानमा राख्ने र नगरस्तरमा प्रत्येक वडाको प्रतिनिधित्व रहने विषयलाई ध्यानमा राख्नुपर्ने छ साथै अध्यक्ष वा उपाध्यक्ष जस्तो भाईटल पदमा कुनै एक महिलाको प्रतिनिधिलाई ध्यानमा राख्नुपर्ने छ । कार्यसमिति पदाधिकारीहरुको उमेर ६० वर्ष देखि ७२ बर्ष सम्मको हुनेछ ।

२. वडा/नगरस्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समितिमा पूर्व तत्कालीन अध्यक्ष र उपाध्यक्ष समितिका आमन्त्रित सदस्य (पदेन) व्यवस्था रहने छ ।

३. वडा स्तरीय जेष्ठ नागरिक सञ्जाल गठन क्रममा नगरस्तरीय जेष्ठ नागरिक सञ्जाल प्रतिनिधिको रोहवरमा रहनुपर्ने छ ।

४.क) केहि विशिष्ट व्यक्तिहरु/प्रत्येक वडास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समितिका पदाधिकारीहरुको उपस्थीती वडा अध्यक्ष ज्यु हरुलाई आमन्त्रीत गरी महिला विकास शाखा कार्यालयको रोहवरमा स्वर्गद्वारी नगरपालिका नगर प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकिय अधिकृत/लेखा शाखाको आतिथ्यतामा एक सामान्य कार्यक्रमका बिच नगरस्तरीय जेष्ठ नागरिक संजाल कार्यकारी समिती निर्वाचन/सर्वसम्मत बाट गठन गरिने छ ।

निर्वाचन गर्नको लागी तपशिल बमोजिम तीन सदस्यीय निर्वाचन आयोग गठन गरिने छ ।

- महिला विकास शाखा स्वर्गद्वारी नगरपालिका शाखा प्रमुख - अध्यक्ष
- नगरपालिकाबाट तोकेको (मनोनित) व्यक्ति -सदस्य
- नगरपालिकाका कानुनी सल्लाहकार - सदस्य

ख) प्रत्येक वडाका वडास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी पदाधिकारीहरु मतदाताहरु रहनु हुनेछ ।

ग) बहुमतलाई प्राथमिकतामा राख्ने निर्णय गरिने छ ।

घ) बराबर मत भएमा गोलाप्रथाबाट चयन गरिने छ ।

ङ) अन्य नियम विनियमहरु निर्वाचन आयोगले तय गरे बमोजिम कार्यान्वयन गरिने छ ।

५) नगरस्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नगरपालिका भित्र छरीएर रहेका सम्पुर्ण जेष्ठ नागरिकहरुको अवस्था अद्यावधिक बनाई राख्ने ।
ख) महिला विकास शाखा सँगको सहकार्यमा आर्थिक स्रोत पहिचान गर्ने ।
ग) युवा पुस्तामा जेष्ठ नागरिकहरुका सीपहरु हस्तान्तरण प्रणालीको परिचालन गर्ने ।
घ) बार्षिक कार्यतालिका तयार गरी महिला विकास शाखा मार्फत नगरपालिका कार्यालयमा दर्ता गरी कार्यान्वयनमा ल्याउने ।
ङ)स्वर्गद्वारी नगरपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरिकहरुलाई नगरपालिका मार्फत गरीने सम्बोधन नगरपालिकास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समिति मार्फत गर्ने गराउने वातावरण मिलाउन पहल गर्ने ।
च) अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस वैज्ञानिक तवरले जेष्ठ नागरिक सम्मान कार्यक्रम सहित वार्षिक उत्सवको रुपमा मनाउने ।
छ) वडास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समितीको कार्यक्षेत्र निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।
ज) जेष्ठ नागरिक मिलन केन्द्र (खुसीको घर) निमार्ण गरी जेष्ठ नागरिकहरुको भेटघाट लगायतका विभिन्न क्रियाकलापहरु संचालनमा ल्याउने ।
झ) जेष्ठ नागरिकहरुलाई धार्मिक, पर्यटकीय, प्राकृतिक वातावरण अध्ययन अवलोकन गरी मनोरञ्जन दिलाउन भ्रमणको व्यवस्था मिलाउने ।
ञ) नेपाल सरकारबाट जेष्ठ नागरिकहरुलाई दिदै आएको यातायात औषधी लगायत अन्य क्षेत्रको सेवा सुविधाहरुमा न्याय संगत व्यवहारहरु भए नभएको एकीन गरी आवश्यक पहल गरी सेवा सुविधाहरु दिलाउन पहल गर्ने ।
ट) जेष्ठ नागरिकहरुका विविध समस्याहरु समाधान गर्न एक न्यायीक समिती गठन गर्ने ।

६. जेष्ठ नागरिक संजाल कार्यसमितिको पदावधी ३ वर्षको रहने छ ।

## परिच्छेद -३
## कार्यालय संचालन

१. जेष्ठ नागरिक सञ्जालका सम्पुर्ण क्रियाकलापहरु महिला विकास शाखाको संयुक्त सहकार्यबाट सञ्चालनमा रहने छ ।
२. मिलन केन्द्रको चाबीको अख्तीयारी महिला विकास शाखा र सञ्जाल कार्य समिती अध्यक्ष सँग रहने छ ।
३. जेष्ठ नागरिक सञ्जाल कार्य समितीका सदस्य सचिव महिला विकास शाखा र सञ्जाल कार्यसमिती अध्यक्षको परामर्शबाट बैठक कम्तीमा ४८ घण्टा अगाडि एजेण्डाहरु सहित आह्वान गर्नुपर्ने छ
४. दुई वटा क्रस लोगो सहितको जेष्ठ नागरिक संजाल उल्लेखित कार्यालय छाप कार्यालय संचालन प्रक्रियामा आधिकारीकता दिन प्रयोगमा ल्याईने छ ।
५. बैठक माईन्युट महिला विकास कार्यालयको मातहतमा रहने छ ।
६. भवनको रेखदेख गर्न कार्यालय सहयोगी करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्त गर्दा जेष्ठ नागरिक संजालको बैठक बसी आवश्यक प्रक्रिया निर्धारण गर्नु पर्ने छ ।

## परिच्छेद - ४

१. आर्थिक कारोबार संचालन बैंकिङ प्रणाली मार्फत हुनेछ । जेष्ठ नागरिक कार्य समिति अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट श्री नेपाल बैंक लिमिटेड शाखा कार्यालय भिंगृ बाट खाता संचालन गरीने छ ।

२. यस स्वर्गद्वारी नगरपालिका प्युठानमा छरीएका जेष्ठ नागरिकहरुको हक हितको लागि संक्षेपमा प्रस्तावनामा उल्लेख भएका समस्याहरु निराकरण गर्नको लागि तपशिलका शिर्षकहरुमा आवश्यक खर्च हुनेछ ।

क) जेष्ठ नागरिकहरु तोकीएको समय अवधिमा मिलन केन्द्र (खुसीको घर) मा जमघट हुन यातायातको लागी, जमघट भएको समय अवधीमा चिया नास्ता, तातोपानी आदि व्यवस्थापन गर्दा,

ख) शौचालय,पिउने पानी, विद्युतिय उपकरणहरु, विद्युत महशुल, मसलन्द सामग्री, भवन संरक्षण एवम् वृद्धवृद्धाहरुको रेखदेख, मनोरञ्जनका सामग्रीहरु आदि व्यवस्था गर्दा,

ग) असहाय, दिर्घरोगी, अपांगता एवं विविध समस्यामा रहेका जेष्ठ नागरिक पहिचान गर्न,

घ) वैज्ञानिक तवरले उचित समयमा सम्मान गर्दा,

ङ) सीपयुक्त जेष्ठ नागरिकहरुको सीप विकास, जेष्ठ नागरिकद्धारा निर्मित सीपयुक्त वस्तुहरुको प्रदर्शन, पुरष्कार विक्रि वितरणमा आयआर्जनको वातावरण मिलाउदा,

च) जेष्ठ नागरिकहरुको अनुभव सीप युवापुस्तामा हस्तान्तरण गर्दा,

छ) अध्ययन अवलोकन भ्रमण मिलाउदा ।

३. नेपालको संविधानको धारा ४१ ले सम्बोधन गरे बमोजिम नगरपालिकाले स्थानीय सरकार संचालन ऐनले निर्दीष्ट गरे बमोजिम यी उपयुक्त कार्यमा हुन सक्ने आर्थिक खर्च अनुमान गरी बार्षिक रुपमा विनियोजन गरी रकमको व्यवस्था गर्ने ।

४.लेखापरीक्षणः यस सञ्जालको स्रोतको लेखापरीक्षण प्रत्येक २ वर्षको एक पटक साउन मसान्तमा गरीने छ

## परिच्छेद - ५

## बाधा अड्काउ फुकाउ अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यवधान/अप्ठ्यारो परेमा महिला विकास शाखा कार्यालयको रोहबरमा नगरस्तरीय जेष्ठ नागरिक सञ्जालको बैठक बसी कार्यपालिकाको बैठकबाट पारित गराई बाधा अड्काउ फुकाउ गर्न सकिने छ ।